चिउरी र चमेरो संरक्षणका लागि सम्झौता । पृष्ठ ५ मा

# विकास

खबरपत्रिका साप्ताहिक

www.bikaskhabar.com

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-४० ● २०८२ वैशाख ०८ गते सोमबार, ● 21 April, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## गजल मञ्च मकवानपुरको अध्यक्षमा श्रेष्ठ

◆ विकास संवाददाता

गजल मञ्च मकवानपुरको २२३ औं नियमित गजल यात्रा तथा चौथो अधिवेशन ६ वैशाखमा भएको छ। सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यमा नियमित गजल यात्रा तथा अधिवेशन भएको हो। सो अवसरमा गजलकृतिका कृतिकारलाई पनि सम्मान गरिएको छ।

अधिवेशनबाट गजल मञ्च मकवानपुरको अध्यक्षमा संजित श्रेष्ठ चयन भएका छन् । हेटौँडामा भएको चौथो अधिवेशनले थाहा नगरपालिका वडा नम्बर २ का श्रेष्ठको नेतृत्वमा सात सदस्यीय कार्यसमिति चयन गरेको हो । गजल मञ्चको उपाध्यक्षमा हरिप्रसाद पौड्याल, सचिवमा कमल नेपाल, सहसचिवमा गौरी कँडेल, कोषाध्यक्षमा स्वस्तिका दाहाल चयन भएका छन्। यस्तै सदस्यमा प्रविना प्रयासी र देव दूलाल चयन हुनुभएको छ । नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको रहने छ । गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको अध्यक्षता अधिवेशन भएको थियो ।

यसैबीच गजल मञ्च मकवानपुरले दुईजना गजलकारलाई सम्मान गरेको छ । २०७९ सालदेखि ८१ सालमा कृति प्रकाशन गर्ने दुई जनालाई मञ्चले सम्मान गरेको हो । गजल मञ्च मकवानपुरले तुलसी घिमिरेको प्रकाशन 'घामका फूलहरू' र राम कार्कीको 'तृप्ति संग्रह' को कदर गर्दै सम्मान गरेको हो। २२३ औं नियमित गजल यात्रामा पुरूषोत्तम आचार्य, इश्वर खड्का, राम कार्की, गौरी कँडेल, अनिल कोइराला, कमल नेपाल र संजित श्रेष्ठले गजल वाचन गरेका थिए ।

गजल मञ्च मकवानपुरका निर्वतमान अध्यक्ष देवराज तिवारी, साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौला लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## पर्यटकीय गन्तव्य बन्दै

# कैलाश-बैकुण्ठ

विकास संवाददाता
थाहानगर

नयाँ पर्यटकीय गन्तव्यको रूपमा उदाइरहेको मकवानपुरको कैलाश गाउँपालिका-२ स्थित कैलाश-बैकुण्ठमा आन्तरिक पर्यटकको घुइँचो लाग्न थालेको छ । अग्लो डाँडाबाट दृश्यावलोकन गर्दै पर्यटकीय संरचनामा फोटो भिडियो खिचेर पर्यटकले आनन्द लिन उनीहरू त्यहाँ पुग्ने गर्दछन् । विशेषगरी धादिङ, मकवानपुर र चितवनबाट आन्तरिक पर्यटक घुम्न पुग्ने गरेको कैलाश-२ का वडाध्यक्ष राजेन्द्र घिसिङले बताए। नयाँ वर्षको दिन १ वैशाखमा मात्रै बैकुण्ठमा करिब २ हजार जनाले भ्रमण गरेको वडाध्यक्ष घिसिङको भनाइ छ ।

नयाँ वर्षकै दिन स्थानीय सरकारको लगानीमा निर्मित कैलाश-बैकुण्ठ जीपलाइनको उद्घाटनसमेत गरिएको छ । कैलाश गाउँपालिकाको करिब ८८ लाख रूपैयाँ लगानीमा निर्माण गरिएको एक हजार दुइसय मिटर लामो जीपलाइनको १ वैशाखमा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्लले उद्घाटन गरेका हुन् ।

कैलाश गाउँपालिका-२ नम्बर वडाको बैकुण्ठ डाँडामा रहेको स्टेशनबाट चढेर कैलाश डाँडासम्म जीपलाइनमा यात्रा गर्न गर्न सकिन्छ । कैलाश गाउँपालिकाको नामाकरण भएको कैलाश डाँडा र बैकुण्ठ डाँडा ऐतिहासिक र धार्मिक महत्व बोकेको ठाउँ हो । धादिङ जिल्लाको सिमानामा रहेको बैकुण्ठमा पछिल्लो समय गाउँपालिका र प्रदेश सरकारलेसमेत पर्यटन संरचना निर्माणमा चासो दिइरहेका छन् ।



*कैलाश-बैकुण्ठ जिपलाइन उद्घाटन गर्दै पालिका अध्यक्ष , उपाध्यक्ष तथा प्रतिनिधिहरू ।*

बैकुण्ठ-कैलाश जीपलाइन सञ्चालनमा आएसँगै यहाँ पर्यटकको आवागमन झनै बढ्ने गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले विश्वास व्यक्त गरे । बैकुण्ठसम्म पुग्ने सडक सुधारका साथै होमस्टे सञ्चालन र अन्य संरचना निर्माण गर्न गाउँपालिका लागिपरेको अध्यक्ष मुक्तानले बताए। प्रदेश र संघीय सरकार सँगसमेत समन्वय गरी सडक पूर्वाधार सुधार गर्ने र पर्यटक आवागमन वृद्धि गरी गाउँको विकास गरिने अध्यक्ष मुक्तानले प्रतिवद्धता जनाए ।

वि.सं २०८० माघमा ठेक्का प्रकाशित भएसँगै सन्ध्या निर्माण सेवासँग ८८ लाख ५६ हजार ७ सात ६१ रूपैयाँमा ०८१ फागुन मसान्त सम्ममा सम्पन्न गर्नेगरी जीपलाइन निर्माणको ठेक्का सम्झौता भएको थियो । जीपलाइनको अघिल्लो आर्थिक वर्षमा ४८ प्रतिशत काम सम्पन्न भएको थियो भने बाँकी काम यसवर्ष सकिएको हो। जीपलाइन उद्घाटन गर्दै गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्लले कैलाश बैकुण्ठलाई ऐतिहासिक पर्यटकीय क्षेत्रको रूपमा चिनाउनको लागि आफूहरू निरन्तर लागिरहेको बताए । मनोरम प्राकृतिक वातावरण भएको बैकुण्ठमा नयाँ

बाँकी पेज ६ मा

## बागमती प्रदेशले बजेट बनाउन थाल्यो

◆ विकास संवाददाता

बागमती प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणको प्रक्रिया सुरू गरेको छ । प्रदेश सरकारले आफ्नो प्राथमिकता योजना स्थानीय तहहरूसँग माग गरेको हो ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशका ११९ वटै स्थानीय तहसँग आगामी आवका लागि प्राथमिकताका योजना प्रस्ताव गर्न भनेको हो। प्रदेश समपूरक अनुदान र प्रदेश विशेष अनुदानका लागि बढीमा तीन/तीन वटा आयोजना तथा कार्यक्रम वैशाख २० गतेभित्र मन्त्रालयमा पठाउनुपर्ने अधिकृत इन्द्रराज सन्ज्यालले जानकारी दिए ।

समपूरक अनुदान र विशष अनुदानबाट सञ्चालन हुने योजनाहरू छुट्टाछुट्टै पेश गर्नका लागि प्रदेश सरकारले स्थानीय सरकारलाई भनेको छ ।






## • सम्पादकीय •

## स्थानीय उद्योग र उत्पादन प्रवर्द्धन गरौं

नेपालमा विभिन्न संकटका कारण थला परेको नेपालको अर्थतन्त्र पूर्ववतरुपमा चलायमान भइसकेको छैन । २०७२ सालको भूकम्प, लगत्तै भएको भारतीय नाकाबन्दी, त्यसको चार वर्षपछि शुरु भएको कोभिड–१९ लगायत विभिन्न घटनाका कारण एक दशकयता नेपालको अर्थतन्त्र संकटबाटै गुज्रिरहेको छ । ऐतिहासिक घटनाक्रमहरुले स्थापित गरेको तथ्य के हो भने संकटबाट गुज्रेको कुनै पनि क्षेत्र उही अवस्था र उही गतिमा रहँदैन । मानौं कुनै संरचना जल्यो वा बाढी पहिरोबाट नष्ट भयो भने त्यही संरचना, पुरानै अवस्थामा पुरानै ठाउँमा बन्ने सम्भावना न्यून हुन्छ । या पहिलेको भन्दा उच्चस्तरको संरचना बन्छ, या पुरानै अवस्थामा फर्कन नसक्ने गरी सधैंका लागि विस्थापित हुन्छ । लगातारका विभिन्न संकटको सामना गरेको नेपाली अर्थतन्त्रको अवस्था पनि त्यही हो । अवस्था सामान्य बन्दै जाँदा अर्थतन्त्र चलायमान हुन्छ नै तर अब पुरानै स्वरुप र शैलीका आर्थिक संरचनाहरु चल्न सक्दैनन् । परम्परागत शैलीका उद्योग व्यवसायहरु सञ्चालन गर्न अब कठिन छ भन्ने विभिन्न घटनाक्रमले देखाइरहेका छन् । अहिले नेपालमा प्रायः कच्चापदार्थ बाहिरबाट ल्याउने र कम परिमाणमा उत्पादन गर्ने प्रकृतिका धेरै उद्योगहरु छन् । ब्यापार क्षेत्रको कुरा गर्दा पनि विदेशबाट सामान लिने, विभिन्न चरणमा मुनाफा लिदै र दिदै कम परिमाणमा सामान किनबेच गर्नेहरुको संख्या धेरै छ ।

अब देशभित्रकै कच्चा पदार्थमा आधारित उद्योगहरु सञ्चालन गर्ने, ठूलो परिमाणमा वस्तु उत्पादन गर्ने, मुनाफा धेरै राख्नेभन्दा पनि थोरै मुनाफा लिएर धेरै वस्तुको उत्पादन र कारोबार गर्ने प्रकृतिका उद्योगहरुको आवश्यकता देखिन थालेको छ । त्यसो त उपभोक्ताको रुचि पनि बदलिदै गएको छ । अरुले उत्पादन गरेका वस्तु लिएर जस्ताको तस्तै बिक्री गर्ने पसलभन्दा पनि त्यसमा नयाँपन दिएर उपभोक्तालाई फरकपन दिने सेवामूलक व्यवसायमा जोड गर्नुपर्ने समय आएको छ । अहिलेको बजारमा हेर्ने हो भने पनि विगत एक दशकको तुलनामा विस्तारै रैथाने प्रकृतिका र नयाँपन दिने वस्तु तथा सेवामा उपभोक्ताको आकर्षण बढ्दै गएको देखिन्छ । यसमा पनि अब निजी क्षेत्रले ध्यान दिनुपर्ने बेला आएको छ । हरेक क्षेत्रमा जस्तै अब ब्यापार व्यवसायमा पनि परम्परागतरुपमा मात्र खरिद बिक्री गरेर चल्ने देखिदैन । वस्तु र सेवाको उत्पादन तथा यसको खरिद बिक्रीमा पनि बजारले नवप्रवर्तन खोजेको छ । यसका लागि राज्यले एकातिर स्थानीय स्रोत साधनमा आधारित उत्पादन बढाउने नीतिमा जोड गर्नुपर्ने बेला आएको छ भने अर्कोतिर उत्पादित वस्तुको विविधिकरण र बजारीकरणमा प्रोत्साहन गर्नु आवश्यक छ ।

पछिल्लो समयमा नेपाली अर्थतन्त्रलाई दिगो बनाउन तथा उद्योग व्यवसायलाई खुल्ने र बन्द हुने क्रमबाट रोक्न स्थानीय उत्पादनमा आधारित उद्योग व्यवसायमा जोड दिनुको विकल्प छैन । निजी क्षेत्रले पनि एकजनाले जे गऱ्यो, त्यसकै सिको गर्ने परम्परागत उद्योग व्यवसाय होइन, अरुले गरेको भन्दा फरक प्रकृतिको र उपभोक्तालाई नयाँपन दिने वस्तु तथा सेवाको उत्पादन र बिक्री गर्ने गरी लगानी केन्द्रित गर्नु आवश्यक छ । यसका लागि थाहा नगरपालिकाले शुरु गरेको उल्लो उद्योगको सावाल होस् या भीमफेदी तथा मकवानपुरगढी गाउँपालिकाले शुरु गरेको रैथाने बाली संरक्षण तथा उत्पादनका कार्यक्रमहरु यो अन्यका लागि पनि प्रेरणादायी कामहरु हुन् । तसर्थ यि र यस किकिसमका कार्यक्रमहरु स्थानीय तहहरुले प्रवर्द्धन गर्नु आजको आवश्यकता हो ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# दिगो विकास: हामी कहाँ उभिएका छौं ?



◆ रुद्रप्रसाद भट्टराई

पछिल्लो तथ्यांकले एसियामा दिगो विकासका लक्ष्यमा ७० प्रतिशतसम्म प्रगति भएको देखाएको छ । यद्यपि, लक्ष्य हासिल गर्न चुनौती देखिएको संयुक्त राष्ट्रसंघले जनाएको छ । राष्ट्र संघका अनुसार एसियामा गरिबी निवारण ६५ प्रतिशत, खाद्य सुरक्षामा ७० प्रतिशत, स्वास्थ्य र राम्रो जीवनमा ७५ प्रतिशत, गुणस्तरीय शिक्षामा ६८ प्रतिशत, लैंगिक समानतामा ६० प्रतिशत, स्वच्छ पानी र स्वच्छतामा ७२ प्रतिशत, सस्तो र स्वच्छ ऊर्जामा ६५ प्रतिशत, उचित रोजगारी र आर्थिक वृद्धिमा ६८ प्रतिशत, उद्योग, नवीनता र बुनियादी ढाँचामा ७० प्रतिशत र असमानता कम गर्नेमा ५८ प्रतिशत प्रगति भएको छ । त्यस्तै, सहरी विकासमा ६५ प्रतिशत, जिम्मेवार उपभोग र उत्पादनमा ६२ प्रतिशत, जलवायु कार्यमा ५५ प्रतिशत, जलजीवनमा ६० प्रतिशत, थलोजीवनमा ५८ प्रतिशत, शान्ति, न्याय र दृढ संस्थामा ५० प्रतिशत र लक्ष्यका लागि साझेदारीमा ६५ प्रतिशत प्रगति भएको हो ।

१२ औं एसिया-प्रशान्त दिगो विकास सम्मेलनमा नेपालले स्वास्थ्य सेवा, लैंगिक समानता, रोजगारी, जलजीवन संरक्षण र साझेदारीमा प्रगति विवरण पेस गरेको थियो । तर, संक्रामक रोग, महिलाको नेतृत्वमा कम प्रतिनिधित्व र प्रदूषण नियन्त्रणजस्ता चुनौती अझै छन् । तैपनि, नेपालले दिगो विकास लक्ष्य (एसडिजी) मा उल्लेखनीय कदम चालेको छ । २०१६ को 'एसडिजी रोडम्याप' अनुसार नेपालमा राष्ट्रिय गरिबीको रेखामुनिको जनसंख्या गरिबी २१.६ प्रतिशत थियो, जुन २०२० मा १६.७ प्रतिशतमा झऱ्यो । तर कोभिड, विपत्का घटना तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आपूर्तिजन्य अवरोध र राष्ट्रिय गरिबीको रेखाको मापदण्डमा भएको परिवर्तनका कारणबाट नेपालमा अझै २० प्रतिशतभन्दा बढी जनसंख्या गरिबीको रेखामुनि रहेको देखिएको छ । समग्रमा दिगो विकास लक्ष्य गरिबीको अन्त्यमा नेपालले करिब ५४.१ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ । त्यस्तै, स्वच्छ पानीको पहुँचमा ३६.३ प्रतिशत मात्र प्रगति हासिल भएको अनुमान छ । जलवायु कार्यमा समग्रमा करिब ४३.४ प्रतिशत र लैंगिक समानतामा करिब ३८ प्रतिशत प्रगति भएको छ ।

वर्तमान तथ्यांकसहित राष्ट्रिय योजना आयोगले भन्यो–दिगो विकास लक्ष्य कार्यान्वयनका लागि २११ खर्ब ६५ अर्ब लगानी आवश्यक छ । आयोगले दिगो विकास लक्ष्य: आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०८१ प्रतिवेदन सार्वजनिक गर्दै सन् २०२४ देखि २०३० सम्ममा वार्षिक औसत ३० खर्ब २३ अर्ब लगानी आवश्यक पर्ने जनाएको हो । प्रतिवेदनमा दिगो विकास लक्ष्यमध्ये कुल लगानी आवश्यकताको सबैभन्दा ठूलो हिस्सा लक्ष्य-९ को कार्यान्वयनका लागि आवश्यक पर्ने उसले जनाएको छ । दिगो विकास लक्ष्य-९ उद्योग, नवीन खोज र पूर्वाधार क्षेत्रसँग सम्बन्धित छ । यस क्षेत्रमा कुल लगानीको २४ प्रतिशत लगानी आवश्यक पर्ने जनाइएको छ । त्यसैगरी, लक्ष्य-७ अर्थात् स्वच्छ ऊर्जाका क्षेत्रमा कुल लगानीको १२ प्रतिशत र लक्ष्य-१ अर्थात् गरिबी अन्त्यका लागि ११ प्रतिशत लगानी चाहिने आयोगको अनुमान छ । दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि २०२४ देखि २०३० सम्म औसतमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५.४ प्रतिशत लगानी आवश्यक हुने अनुमान गरिएको छ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि लगानी आवश्यकता पूर्ति गर्न सार्वजनिक, निजी, सहकारी र घरपरिवार स्तरबाट वित्तीय स्रोत उपलब्ध हुने गरी रणनीति तयार पारिएको आयोगले जनाएको छ । सार्वजनिक क्षेत्रबाट दिगो विकास लक्ष्यको कुल लागत आवश्यकतामध्ये ५७.५ प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको छ । जसमा संघ सरकारको ७०, प्रदेशको ९ र स्थानीय सरकारका तर्फबाट २१ प्रतिशत लगानी आवश्यक पर्ने ठानिएको छ । त्यस्तै, निजी क्षेत्रबाट ३४-३५ प्रतिशत, सहकारी तथा गैरसरकारी क्षेत्रबाट ४.१८ प्रतिशत र घरपरिवार स्तर बाट ३.९५ प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको छ ।

त्यस्तै, क्षेत्रगत नीति सुधार, दिगो विकास लक्ष्यको प्राथमिकीकरणका साथै स्रोत परिचालन सुधार, वैदेशिक सहायताको परिचालन, सार्वजनिक खर्चको लागत प्रभावकारिता अभिवृद्धि, प्रविधिमा सजिलो पहुँचलगायत रणनीतिक हस्तक्षेप आवश्यक देखिएको प्रतिवेदनमा औँल्याइएको छ । आयोगले कोभिड- १९ महामारी, जनसांख्यिक परिवर्तन, बसाइँसराइ र सहरीकरण, बढ्दो असमानता, जलवायु परिवर्तनसम्बन्धी मुद्दा, द्वन्द्वका प्रभावसहित प्रादेशिक सन्दर्भले समग्रमा मुलुकको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि नीति तथा रणनीतिमा पुनरावलोकन र अद्यावधिक आवश्यक रहेको समेत बताएको छ ।

२० औँ शताब्दीको मध्यतिर जब दोस्रो विश्वयुद्धको समाप्ति भयो, त्यसको बदलामा भताभुङ्ग भएको पृथ्वीलाई सुन्दर नगरी बनाउने भौतिक चाहनाले प्राकृतिक स्रोतको अधिकतम प्रयोग गरियो । शक्ति सम्पन्न देशहरूले त्यही स्रोत-साधनबाट आधुनिक प्रविधिको विस्तारमा लागिपरे । यही क्रममा चेतना गुमाएको मानवले वातावरणमाथि अत्यधिक शोषण गर्न पुग्यो । त्यसको परिणामस्वरूप सन् १९४८ मा अमेरिकाले वायु प्रदूषणको प्रत्यक्ष नकारात्मक प्रभाव भोग्नुपऱ्यो । सन् १९६२ मा राकल लुइस कार्सनले साइलेन्ट स्प्रिङ अर्थात् शान्त ऋतु नामक पुस्तक सार्वजनिक गरिन् ।

यस पुस्तकले बिग्रँदो वातावरणको अवस्था साथै जल, जमिन, हावाको प्रदूषणले दिएको चुनौतीलाई सन्देशस्वरूप प्रकाशित गरिएको थियो । यसले थोरै भए पनि वातावरणप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउन सफल रह्यो । त्यसपछि एउटै मात्र पृथ्वी संरक्षण गरौँ र बाँचौँ भन्ने अवधारणा व्यापक बनेर गयो । निरन्तरका बहस र सम्मेलन, पछिल्लो कोप-२९ सम्म भएको दिगो विकासको प्रयास, कोप सम्मेलनहरूमा कैयौँ महत्वपूर्ण सम्झौता र प्रोटोकलहरू पारित भएका छन् । कोप-२९ ले जलवायु वित्त, कार्बन बजार, अनुकूलन र लैङ्गिक समानताको क्षेत्रमा नयाँ आयाम थप्दै विश्वव्यापी जलवायु कार्यलाई एकीकृत गर्न केन्द्रित थियो ।

जलवायु परिवर्तन अहिलेको अवस्थामा संसारले सामना गरिरहेको सबैभन्दा ठूला चुनौतीहरूमध्ये एक हो । औद्योगीकरणको चरम विस्तार, इन्धनको अत्यधिक प्रयोग र कृषि प्रणालीमा परिवर्तनजस्ता कारण पृथ्वीको तापक्रम हरेक वर्ष वृद्धि हुँदै आएको छ । नेपालका लागि जलवायु परिवर्तन एउटा ठूलो चुनौती बनेको छ, विशेष गरी हिमाली र पहाडी भूभागको देश भएकाले यहाँका समुदायले जलवायु परिवर्तनका नकारात्मक असरहरू झन्–झन् प्रत्यक्ष रूपमा महसुस गरिरहेका छन् । हिउँ पग्लने दर बढ्दै जानु, बाढीपहिरोको जोखिम बढ्नु, जलस्रोत घट्नु र कृषि उत्पादनमा गिरावट आउनुजस्ता समस्याले स्थानीय जनजीवनलाई गम्भीर असर पारिरहेको छ । नेपालले कोप सम्मेलनहरूमा लामो समयदेखिको सक्रिय उपस्थिति र प्रतिबद्धता देखाए तापनि धरातलमा ठोस उपलब्धि हासिल गरेको भने देखिँदैन ।

दिगो विकासले बोकेका जैविक विविधताको संरक्षण, समाजको दिगोपन, मानवीय स्रोतको विकास, जनसंख्या नियन्त्रण, वहन क्षमतामा आधारित विकास, जनसहभागिता, सांस्कृतिक सम्पदाको संरक्षणजस्ता सिद्धान्तहरूलाई अक्षरशः पालना गर्न सके भावी पिँढीको सुरक्षाको ग्यारेन्टी सहजै गर्न सकिन्छ । हामीले खोज्दै र भन्दै आएको दिगो विकास पनि यही हो । यसबाट अहिलेसम्म प्राप्त गरेका पक्षहरूलाई संस्थागत गर्दै वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित महासन्धि एवम् सन्धिहरूको कार्यान्वयन भई राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्दिष्ट गरेबमोजिमका क्षेत्रहरूमा अनुकूलन कार्यक्रमहरू लागू भएको हुने, ध्वनि, वायु तथा जल प्रदूषणजस्ता क्षेत्रमा मापदण्ड कार्यान्वयन हुनुका साथै हानिकारक दीर्घायु रसायनहरूको व्यवस्थापन हुनेछ भनी राखेको योजनाको उपलब्धिलाई प्राप्त गर्न गाह्रो नपर्ने निश्चित छ । बस्, खर्चको अभावमा यी कुरा कति सम्भव छन् ? हामीलाई ढुंगा चपाउनुजस्तै बनेको छ ।

विश्व आज जलवायु परिवर्तनदेखि आर्थिक अस्थिरतासम्मका चुनौतीहरूको सामना गरिरहेको छ । यस्ता जटिल र बहुआयामिक समस्याबीच नेपाल पनि विश्वव्यापी पहल र राष्ट्रिय आकांक्षाहरूको संकटमय परिदृश्यमा अगाडि बढिरहेको स्पष्ट देखिन्छ । यस सन्दर्भमा 'भविष्यका

*बाँकी पेज ३ मा*

# यि अवस्था जसमा मौन बसेको राम्रो

'बोलेर आगो झोस्नुभन्दा चुप लागेर बस्नु बेस' भनेझैँ, यस्ता केही परिस्थिति दैनिक जीवनमा आइरहेका हुन्छन् । जसमा मौन रहनु नै उत्तम हुन्छ ।

कहिलेकाहीँ जीवनमा यस्ता केही अवस्था आउँछन् । जसमा मौनताले साना ठूलो विग्रहलाई टार्न सक्छ । दैनिक जीवनमा आइपर्ने यस्ता १० अवस्थाहरू छन्, जहाँ मुखमा ताला लगाएर बस्नु नै बुद्धिमानी ठहरिन्छ ।



### १. रिस उठ्दा

रिसाएको बेला कतिपयले आवेगमा आएर तथानाम बोल्न सक्छन् । धेरै रिस उठेपछि बोलिमा नियन्त्रण गर्न नसक्ने बानी धेरैमा हुनसक्छ । त्यसरी रिसमा बोलिने शब्द मनबाट बोलिएको नहुन पनि सक्छ ।

रिस शान्त भ पछि आफूले बोलेका ती शब्दका कारण पश्चाताप गर्नुपर्ने हुनसक्छ । त्यो अवस्था आउन नदिन रिस उठेमा सकेसम्म मौन रहनु उचित हुन्छ । बरू, रिस उठिरहेको छ भने त्यो वातावारणबाट केही समय टाढिनु बेस हुन्छ । यसले बनिआएको सम्बन्ध र अवस्थालाई यथावत राख्ने काम गर्छ ।

### २. नकारात्मक कुरा नगर्ने

फुर्सदको समय धेरै भयो भने कुरा बढी हुन्छ । कुरै कुरामा नकारात्मक कुरा पनि आइपर्न सक्छ । यसरी समय खेर फाल्ने कामबाट बच्नुहोस् । यदि राम्रो कुरा गर्न सक्नु हुन्न वा बोल्दा बोल्दै कति बोल्न उचित हुन्छ भेउ पाइँदैन भने चुप बस्नु वा ठिक्क समय बिताउनु नै समझदारी हुन्छ ।

### ३. गफ लगाउने बानी

जोसँग पनि अत्याधिक गफ गर्ने बानीले नजानिँदो पारामा आफू हल्का भइन्छ । अरूले पनि आफूलाई हल्का रूपमा लिदिन्छन् । जसले गर्दा सम्मान दिनु पर्नेले पनि होच्याउन हिचकिच्याउँदैन । यस्तो माहौल सधैँ भइर हन्छ वा गफमै समय बितिरहन्छ भने नकारात्मकता फैलिने भय पनि रहन्छ । जसले सम्बन्धमा खटपट ल्याउन सक्छ ।

### ४. थाहा नभएको कुरामा अड्कल नलगाउने

कतिपयको बानी यस्तो हुन्छ । आफूलाई जानकारी नभएको कुरामा पनि प्याच्च बोल्ने । र, अड्कल लगाएर कुरामा जिद्दी गर्ने । यसले अरूलाई झर्को लाग्ने, आफू तल परिने भय रहन्छ । गलत जानकारी पनि फैलिन सक्छ ।

कुनै कुराको ज्ञान छैन भने अडकल लगाउने वा गलत जानकारी फैलाउनुको साट्टा चुप बसेकै बेस हुन्छ । चुप बस्दा आफू तल परिदैंन । माहोल सकारात्मक नै रहन्छ ।

### ५. भावना पोख्ने ठाँउ दिने

जब कोही व्यक्ति दुःखी, निराश भएर भेट्न आएको छ भने उसको कुरा सुनिदिनुपर्छ । किनकी, उ मनको बोझ बिसाउने आश लिएर आएको हुन्छ । यस्तोमा उल्टो आफैँ तर्क दिने वा कुरै नसुनी सल्लाह दिने गर्नुहुँदैन । यो बेलामा यी कुरा कम प्रभावी हुनसक्छ । हुनसक्छ, ती व्यक्ति टाढिन पनि सक्छन् ।

### ६. ज्ञान नभएको कुरामा विचार नपोख्ने

यस्तो विषयमा अभिव्यक्ति दिनबाट जोगिनुपर्छ, जसको कुनै ज्ञान छैन । यसले अर्को व्यक्तिको अघि तपाईँमा ज्ञानको कमी भएको कुरा उजागर हुनसक्छ । अरूको अघि हाँसोको पात्र बनिने डर पनि रहन्छ ।

### ७. काम गर्दा कम बोल्ने

कुनै काम पूरा गर्न एकाग्रता आवश्यक छ भने अनावश्यक कुराकानीमा समय वर्वाद नगर्नु उचित हुन्छ । यसले काम पुरा हुन सक्दैन । कामको गुणस्तर आउनु पर्ने जति नआउन पनि सक्छ ।

### ८. अरुको पनि सुन्ने

कुनै कुरामा तर्क-वितर्क गर्नुपरेमा आफ्नो कुरा सुनाउने मात्र होइन । अरूको कुरा पनि सुन्नुपर्छ । र, अर्को पक्ष बोल्दा बीचमा काटेर आफैँ बोल्नु हुँदैन ।

### ९. अरु बोलिरहेको बेलामा घुस्ने बानी

कसैले बोलिरहँदा आफू बीचमा घुसेर आफ्नो तर्क राख्ने बानी पनि राम्रो होइन । आफ्नो सन्दर्भ छैन भने अरू बोलिरहेको ठाउँमा नबोल्नु मात्र होइन कुरा गरिरहेको बेलामा चासो लिएर नबस्नु नै जाति हुन्छ ।

### १०. गोपनीयताको सम्मान गर्ने

अरूको गोपनीयताको सम्मान गर्नुपर्छ । कसैले आफ्नो गोप्य कुरा विश्वास गरेर पोखेको छ । वा, अरूको गोप्य कुरा आफूलाई थाहा छ भने भंग गरि दिनुहुँदैन । कसैको गोप्य कुरा भन भनेर दबाब दिँदा पनि भन्ने बानी गर्नुहुँदैन ।

# यस्तो छ, उच्च रक्तचापका कारण



साधारण शारीरिक क्रियाक्लाप र तनावरहित अवस्थामा पनि शरिरका विभिन्न प्रणालीमा रक्तसञ्चार गर्ने धमनीहरूमा १४० एमएमएचजी सिस्टोलिक र ९० एमएमएचजी डायस्टोलिक भन्दा बढी रक्तचाप हुनलाई उच्छ रक्तचाप भनिन्छ। मुटु तथा र क्तसन्चार प्रणालीजन्य रोगहरू बिश्वका मुख्य प्राणघातक कारक हुन् ।

उच्च रक्तचाप नसर्ने किसिमको रोग भएता पनि केही देशहरूमा करिब आधा जनसत्त्या यस रोगबाट ग्रसित छन् । उच्च रक्तचापबाट विश्वभरीमा बार्षिक करिब ७५ लाख मानिसहरूले ज्यान गुमाउने गर्दछन् ।

**कारणहरू:**

आधारभूत उच्च रक्तचापका मुख्य कारकतत्वहरू वंशाणु, वातावरणीय प्रभाव, जात, उमेर, लिङ्ग, खानपान र जीवनशैली आदि हुन् । यस किसिमको उच्च रक्तचापमा कारकतत्वहरूले प्रत्यक्ष रक्तसञ्चार प्रणालीमा असर गर्छ भने अप्रधान वा द्वितीय उच्च रक्तचाप शरिरका अन्य अङ्ग तथा प्रणालीहरू, जस्तैः मिर्गौला, उत्सर्जन प्रणाली तथा इन्डोक्राइन ग्रन्थीका रोगहरू, रक्तनलीको संरचनागत खराबी, तनाब तथा मनोवैज्ञानिक असर, मादकपदार्थ सेवन, मोटोपना तथा गर्भावस्थाको कारणले हुने गर्दछ ।

# दिगो विकासः ¨ ¨ ¨

लागि सम्झौता' भन्ने अवधारणाले दिगो विकासका लागि बहुपक्षीय दृष्टिकोणको आवश्यकतालाई विशेष जोड दिएको छ । नेपालले १६ औँ आवधिक योजनामा विकास तथा समृद्धिका लागि सबै सरोकारवालाहरूको भूमिकालाई महत्व दिँदै दिगो, समावेशी र उत्तरदायी विकासको मार्ग अवलम्बन गर्ने अठोट लिएको छ । यो दृष्टिकोणले समग्र विकास प्रक्रियामा सहभागिता र साझेदारीलाई प्राथमिकता दिँदै जनमुखी र न्यायपूर्ण विकासको आधार तयार गर्नमा सघाउ पुगेको छ ।

यद्यपि, यस्ता महत्वाकांक्षी लक्ष्यहरू हासिल गर्न विगतका अभ्यासहरूबाट सिकेर, खण्डीकृत र तजबिजी शैलीको अन्त्य गर्दै पारदर्शी, ढाँचाबद्ध र जवाफदेही योजना निर्माण तथा कार्यान्वयनमा नेपालले ध्यान दिनु आवश्यक छ । रणनीतिक सोच, सहकार्य र कार्यान्वयन क्षमताको सुदृढीकरण अबको आवश्यकता हो । संघीय सरकार ले नीति निर्माण र तिनको प्रभावकारी कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ । नवीनता, लगानी र साझेदारीको माध्यमबाट विशेषतः डिजिटल प्रविधि, हरित प्रविधि तथा पूर्वाधार विकासमा निजी क्षेत्रको भूमिकालाई आत्मसात् गर्नुपर्ने आवश्यकता छ । सरकार र निजी क्षेत्रबीच सहकार्य र विश्वासको वातावरण सृजना गरी साझा हितमा काम गर्न सकिन्छ । नागरिक समाजका संगठनहरूले नीति वकालत, समुदायस्तरमा जनचेतना अभिवृद्धि, सामाजिक समावेशिता तथा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न उल्लेखनीय भूमिका खेल्छन् । उनीहरू नीति निर्माता र नागरिकबीचको सेतुका रूपमा क्रियाशील रहन सक्छन् । शिक्षाविद् र अनुसन्धान संस्था तथा थिंक ट्यांकहरूले प्रमाणमा आधारित सुझाव, विश्लेषण तथा ज्ञान उत्पादन गरी नीति निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्छन् । त्यसका लागि अध्ययन संयन्त्र, डेटा प्रणाली र अनुसन्धान क्षमताको सुदृढीकरण आवश्यक छ । अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले प्राविधिक सहयोग, वित्तपोषण तथा समन्वित समर्थनमार्फत नेपाललाई आवश्यक स्रोत, ज्ञान र प्रविधिको अभाव पूर्तिमा सघाउन सक्छन् । यस्ता सहकार्यहरूले नेपाललाई दिगो विकास लक्ष्य प्राप्तिमा थप गति दिन सक्छन् ।

'भविष्यका लागि सम्झौता' को अर्को महत्वपूर्ण पक्ष भनेको युवाको सक्रिय सहभागितालाई सुनिश्चित गर्नु हो । उनीहरूको सशक्तीकरण र सृजनशीलतालाई नीतिमा समेट्न सके भविष्यउन्मुख र नवप्रवर्तनशील विकास सम्भव हुन्छ । चुनौतीबीच परिवर्तनका अवसरहरू पनि प्रशस्त छन् । नेपालको समृद्ध जैविक विविधता, सांस्कृतिक सम्पदा र नेपाली जनताको सामाजिक सौहार्दता, साथसाथै संघीय शासन प्रणालीले दिएको अवसरको भरपुर उपयोग गरेर सृजनात्मक साझेदारी र रणनीतिक प्राथमिकताहरू तय गर्न सकिन्छ । नेपालले दीर्घकालीन दिगो विकासका लक्ष्यहरूलाई सम्बोधन गर्दै तत्काल तथा मध्यमकालीन विकास आवश्यकताहरू समाधान गर्नुका साथै स्थानीय सन्दर्भहरूको गहिरो मूल्यांकन गर्दै विश्वव्यापी प्रतिबद्धताहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ । प्राप्त र सञ्चित लाभहरूको न्यायोचित वितरण सुनिश्चित गर्दै आन्तरिक तथा बाह्य स्रोतहरूलाई परिणाममुखी ढंगले परिचालन गर्नु वर्तमानको आवश्यकता हो । यस्ता उपायहरूले मात्र समावेशी, सन्तुलित र दिगो विकास सम्भव हुन सक्छ । यहाँ खर्चको मात्र कुरा होइन, समग्र शून्यतामा नजर घुमाउनु जरूरी देखिन्छ, हाम्रो दिगो विकासमा अवस्था यही नै हो ।







# राक्सिराङ आधारभूत अस्पतालमा स्वास्थ्य बिमाबाट सेवा सुरू

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ ५ ठाडेचुरीमा रहेको राक्सिराङ आधारभूत अस्पतालमा स्वास्थ्य बिमाबाट सेवा सुरू गरिएको छ । स्वास्थ्य बिमा बोर्डमा अस्पताल सूचिकृत गराई स्वास्थ्य बिमा गराएका बिरामीलाई अस्पतालबाट सेवा दिन सुरू गरिएको हो । अस्पताल गत फागुन महिनाबाट औपचारिक रूपमा सञ्चालनमा आएको हो ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले ४ वैशाखमा अस्पतालमा स्वास्थ्य बिमा सेवाको उद्घाटन गरेका हुन् । १० शैयाको राक्सिराङ आधारभूत अस्पताललाई पहिलो सेवा केन्द्र बनाएर हाल २ सय जनाले स्वास्थ्य बिमा गराइसकेका छन् । गाउँपालिकाले ९ वटा वडाका प्रति वडा सय जनाका दरले यसै आर्थिक वर्षमा ९ सय जनाको निःशुल्क स्वास्थ्य बिमा गराउँदै गरेको बताउँदै अध्यक्ष मल्लले आगामी वर्षदेखि अस्पतालमा प्रथम सेवा केन्द्र बनाई सेवा लिनेको संख्या बढ्ने बताए । मनहरी तथा हेटौंडा र चितवनको निजी अस्पतालमा महङ्गो शुल्क तिरेर सेवा लिनुभन्दा गाउँकै अस्पतालमा उपलब्ध सेवा उपभोग गर्न उनले गाउँबासीमा अनुरोध समेत गरे ।



राक्सिराङ आधारभूत अस्पतालमा भिडियो एक्सरे, प्रसुति सेवाका साथ ल्याब परीक्षण सेवासमेत सञ्चालन भइरहेको छ । अस्पतालले बिहीबारबाटै चौबिसै घण्टा इमर्जेन्सी सेवासमेत दिन सुरू गरेको छ । अस्पतालमा प्रयोगशालातर्फ लिभर फङ्सन टेस्ट, सुगर, युरिक एसिड, एलएफटी, आर एफटी, लिपिट प्रोफाइल, युरिनारी, स्टुलारी, ब्लड ग्रुपिङलगायतका सेवा उपलब्ध रहेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख विजय कापरीले जानकारी दिए । अस्पतालमा हाल दैनिक करिब ५० जनाले सेवा लिइरहेको उनले बताए । अस्पतालमा हाल एक जना एमबिबिएस डाक्टरसहित १२ जनाले सेवा प्रदान गरिरहेका छन् ।

अस्पतालमा डाक्टरसहित एक जना सिनियर अहेब, २ जना अहेब, ३ जना अनमी, एकजना ल्याब असिस्टेन्ट, ३ जना कार्यालय सहयोगी र एक जना एम्बुलेन्स चालक कार्यरत छन् । अस्पतालले एम्बुलेन्स सेवासमेत दिइरहेको छ । स्वास्थ्य बिमा सेवा उद्घाटन कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेत, राक्सिराङ ५ का वडाध्यक्ष एवम् अस्पतालको जग्गादाता हरिबहादुर प्रजालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# हेटौंडामा ४१ जनाले पाए भलिबलको रेफ्री तालिम




◆ विकास संवाददाता

हेटौंडामा ७ जिल्लाका ४१ जनालाई भलिबलको आधारभूत रेफ्री तालिम दिइएको छ । २ बैशाखबाट सुरू आधार भुत रेफ्री तालिमको ६ वैशाखमा समापन गरिएको हो । मकवानपुर जिल्ला भलिबल संघले आयोजना गरेको ५ दिने तालिममा जिल्लास्तरीय खेलमा सहभागी भएका ४१ जनाको सहभागिता रहेको मकवानपुर जिल्ला भलिबल संघ अध्यक्ष बसन्त सिटौलाले बताए । उनका अनुसार तालिममा ७ जिल्लाका ४१ जना पुरूष र ७ जना महिलाको सहभागिता रहेको थियो ।

तालिममा बागमती प्रदेशका दोलखा, रामेछप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर तथा बारा, रूकुम पश्चिम र बैतडी जिल्लाका सहभागिता रहेका थिए । प्रत्येकले ५ हजार रूपैयाँ शुल्क बुझाएर तालिममा सहभागी भएको संघले जनाएको छ । हेटौंडा-४, हुप्रचौरमा भएको तालिमको राष्ट्रिय रेफ्री विजय वादे सहितले सहजीकरण गरेका थिए । जिल्लास्तरीय भलिबल खेलमा अन्य जिल्लाका रेफ्री ल्याउनु पर्ने समस्यालाई अन्त्य गर्न र भलिबलको नयाँ नियम खेलाडी र प्रशिक्षकहरूलाई जानकारी गराउन तालिम आयोजना गरिएको अध्यक्ष सिटौलाले बताए ।

मकवानपुर जिल्ला भलिबल संघ अध्यक्ष बसन्त कुमार सिटौलाको सभाध्यक्षता तथा खेलकुद परिषद बागमती अध्यक्ष दिपक लामाको प्रमुख आतिथ्यतामा तालिम समापन कार्यक्रम भएको हो ।

# गाईभैसीका लागि वडाबाटै म्याट खरिदमा अनुदान दिइने

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका-११ ले चालू आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत कार्यक्रमअन्तर्गत गाईभैंसीका लागि म्याट खरिदमा अनुदान दिने कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

वडा कार्यालयको २०८१ चैत २९ गतेको निर्णय अनुसार यो कार्यक्रम सार्वजनिक संस्थाहरू, कृषक, कृषिफर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थालाई लक्षित गरिएको छ । यस सम्बन्धमा सूचना पहिलोपटक २०८१ चैत ३१ गते प्रकाशित गरिएको हो । सूचनाअनुसार, सम्बन्धित आवेदकले १५ दिनभित्र (अर्थात २०८२ वैशाख १५ गतेसम्म) वडा कार्यालयमा आवश्यक कागजातसहित आवेदन दिनुपर्ने हेटौंडा-११ कि वडाअध्यक्ष जुना दाहालले आग्रह गरेकी छिन् ।

वडाभित्रका योग्य साझेदारहरूले गाईभैंसी पालनका लागि आवश्यक म्याट खरिद गर्दा लागतको ७० प्रतिशतसम्म अनुदान प्राप्त गर्न सक्नेछन् भने बाँकी ३० प्रतिशत रकम साझेदार आफैंले व्यहोर्नुपर्ने उनले जानकारी दिइन् । अनुदान प्राप्त गर्न चाहने इच्छुक किसानले




नागरिकताको प्रमाणपत्र, संस्थागत हकमा दर्ता तथा नवीकरणका प्रमाणपत्र, कार्यक्रम प्रस्तावना, सम्बन्धित संस्थाको निर्णय र प्रतिवद्धतापत्रसहितको आवेदन पेश गर्नुपर्नेछ ।

वडा कार्यालयले दोहोरो अनुदान नलिएको र अनुदानको दुरूपयोग नगर्ने स्पष्ट शर्त राखेको छ । अन्य सरकारी निकायबाट सोही प्रकृतिको लागि अनुदान लिइसकेको पाइएमा वा दुरूपयोग भएको खण्डमा प्रचलित कानुनअनुसार कार वाही गरिने पनि जनाइएको छ । अनुदान कार्यक्रमले वडा नं. ११ भित्रको पशुपालन व्यवसायलाई थप व्यवस्थित र आधुनिक बनाउन सहयोग पुग्ने वडा कार्यालयको अपेक्षा छ ।

## राक्सिराङमा खानेपानीको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकामा पनि खानेपानीको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना भएको छ । विकट गाउँका खानेपानीको मुहान तथा धाराको पानीको गुणस्तर जाँच गरी स्थानीयको स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने उद्धेश्यले प्रयोगशाला सञ्चालनमा ल्याइएको हो ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले राक्सिराङ ५ ठाडेचुरीमा रहेको प्रयोगशालाको उद्घाटन गरेका हुन् । नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) मार्फत welt hungerhilfe को सहयोगमा प्रयोगशाला स्थापाना गरिएको हो । १२ लाख रूपैयाँ लागतमा स्थापित प्रयोगशालामा खानेपानीका विभिन्न ११ प्रकारका परीक्षण गरिने जनाइएको छ ।

प्रयोगशालामा खोपानीमा आइरन, क्लोराइड, फस्फोरेट, कोलिफर्मलगायतको मात्राको परीक्षण हुनेछ । हेटौंडा र चितवनमा महङ्गो शुल्कमा खानेपानी परीक्षण गर्नुपर्ने बाध्यता हटेको बताउँदै राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले गाउँपालिकाले निर्णय गरी सुलभ परीक्षण शुल्क निर्धारण गरिने बताए ।

## कृषि विकास शाखाको अनुदान सम्बन्धी सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।१२।२५

थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका वर्षे फलफूलको बिरुवाहरु ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्म हरुले यो सूचना प्रकाशित मितिले ३० दिन भित्रमा बिरुवाको माग र रकम सहित यस शाखामा सम्पर्क राख्न हुनका लागि सूचित गरिन्छ ।

**तपसिल:**

| सि.नं. | बिरुवाको नाम | परल मूल्य अनुमानित | अनुदानित मूल्य ५०% | कैफियत |
|---|---|---|---|---|
| १. | कागती बिजु | रु.५०/- | रु.२५ /- | दर रेट घट बढ भए दिने/लिने |
| २. | सुन्तला कलमी | रु.१२० /- | रु.६० /- | |
| ३. | एभोकाडो | रु.१०० /- | रु.५० /- | |

**आवश्यक कागजातहरू:**

१. निवेदन- १ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुवैतिर देखिने गरी र इच्छुक कृषकको लागि नागरिकताको प्रतिलिपि-१ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि १ प्रति ।

**अन्य जानकारीको लागि:** मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल: adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# चिउरी र चमेरो संरक्षणका लागि सम्झौता



◆ विकास संवाददाता

सीमान्तकृत चेपाङ समुदायको सामाजिक, सांस्कृतिक तथा आर्थिक उत्थानका लागि लक्षित *'चिउरी र चमेरो संरक्षण कार्यक्रम'* कार्यान्वयन गर्न प्रदेश सरकार र कार्यक्रम लागू भएका स्थानीय तहहरूबीच सम्झौता भएको छ । सामाजिक विकास मन्त्रालयमा आयोजित कार्यक्रमका बीच सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीको प्रमुख आतिथ्यतामा दोस्रो चरणको कार्यक्रम कार्यान्वयनका लागि ६ वटा स्थानीय तहहरूसँग सम्झौता गरिएको हो । कार्यक्रम २० प्रतिशत स्थानीय तह र ८० प्रतिशत प्रदेश सरकारको साझेदारीमा कार्यान्वयन हुनेछ ।

चालु आर्थिक वर्षमा प्रदेश सरकारले कार्यक्रमका लागि ७५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । चेपाङ समुदायको सामाजिक रूपान्तरणमा सकारात्मक प्रभाव पार्ने विश्वासका साथ प्रदेश सरकारले गत वर्षदेखि 'चिउरी र चमेरो संरक्षण कार्यक्रम' सञ्चालनमा ल्याएको सामाजिक विकास मन्त्रालयका सचिव बद्रिनाथ गैरेले बताए । चेपाङ समुदायको आर्थिक समृद्धि तथा संस्कृति संरक्षण गर्ने उद्देश्यले कार्यक्रम अघि सारिएको उनले बताए ।

मकवानपुरको राक्सिराङ, धादिङको गजुरी, बेनिघाट रोराङ र चितवनको राप्ती, कालिका तथा इच्छाकामना गाउँपालिकामा कार्यक्रम कार्यान्वयनमा रहेको छ । कार्यक्रमअन्तर्गत चिउरीको नर्सरी स्थापना, संरक्षण, वृक्षारोपण, चिउरीको मह र दानाको बजारीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने सामाजिक विकास महाशाखा प्रमुख अमृत अधिकारीले जानकारी दिए ।

कार्यक्रममा राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ले 'चिउरी र चमेरो संरक्षण कार्यक्रम'लाई प्रदेश सरकारले ससर्त कार्यक्रमअन्तर्गत राखेर बजेट विनियोजन गर्नुपर्ने सुझाव दिए ।

# हेटौंडामा राष्ट्रिय गोल्डकप महिला फुटबल प्रतियोगिता १९ वैशाखबाट हुने

◆ विकास संवाददाता




यही १९ वैशाखबाट हेटौंडामा सातौं स्थानीय तह सहिद स्मृति राष्ट्रिय गोल्डकप महिला फुटबल प्रतियोगिता हुने भएको छ । अघिल्लो संस्करणहरूमा पुरुष फुटबल प्रतियोगिता आयोजना गर्दै आएको मकवानपुर जिल्ला फुटबल संघले सातौं संस्करण भने राष्ट्रिय गोल्डकप महिला फुटबल प्रतियोगिताका रूपमा अगाडि बढाउन लागेको ६ वैशाखमा हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिईएको हो ।

हेटौंडाको गौरीटार रंगशालामा हुने प्रतियोगितामा नेपाल आर्मी, नेपाल पुलिस, सशस्त्र प्रहरीको (एपिएफ)सहित मकवानपुर, चितवन, सर्लाही, रौतहट र बारा जिल्लाका गरी ८ वटा क्लबले सहभागिता जनाउने फुटबल संघ मकवानपुरका सचिव छवी सुवेदीले जानकारी दिए । प्रतियोगिताको विजेताले ५ लाख र उपविजेताले ३ लाख नगदसहित टूफी र प्रमाणपत्र प्राप्त गर्नेछन् भने सर्बोत्कृष्ट खेलाडीले स्कुटर प्राप्त गर्ने छ । प्रतियोगिता सञ्चालनका लागि ६१ लाख लाग्ने आयोजकको अनुमान रहेको छ ।

संघले छैटौं संस्करणको गोल्डकप प्रतियोगिताको आय-व्यय विवरण पनि शनिबार सार्वजनिक गरेको छ । प्रतियोगिता सकिएको १५ महिनापछि छैठौ स्थानीय तह राष्ट्रिय गोल्डकप प्रतियोगिताको आयव्यय विवरण सार्वजनिक भएको छ । पत्रकार सम्मेलनमा संघका कोषाध्यक्ष अमृत लुङबाले फुटबल प्रतियोगिता आर्थिक रूपमा घाटा भएको जानकारी दिए । प्रतियोगिता आयोजना गर्न ९१ लाख ४८ हजार रूपैयाँ खर्च भएको छ भने जम्मा ८९ लाख २४ हजार रूपैयाँ आम्दानी भएको विवरणमा उल्लेख गरिएको छ । प्रतियोगिताबाट २ लाख २४ हजार रूपैयाँ घाटा भएको कोषाध्यष लुङबाले बताए । २०८० माघ १६ गतेदेखि २७ गतेसम्म भएको प्रतियोगिताको फाइनलमा एनआर टीलाई पराजित गर्दै सशस्त्र प्रहरीको एपीएफ क्लबले उपाधि जितेको थियो । पत्रकार सम्मेलनमा विगत ६ वर्षदेखि पुरुष तर्फ गोल्डकप गर्दै आएको संघले यसवर्ष देखि महिला गोल्डकप प्रतियोगिता आयोजना गर्न लागेको हो ।

# *कैलाशका कृषकलाई हाते ट्याक्टर र उन्नत जातको मकैको बिउ वितरण*

◆ विकास संवाददाता



मकवानपुरको कैलाश गाउँपालिकामा कृषकलाई हाते ट्याक्टर र उन्नत जातको मकैको बिउ वितरण गरिएको छ। गाउँपालिकाले ४ वैशाखमा पालिकामा अध्यक्ष लोकबहादुर मुक्तान, उपाध्यक्ष बाल कुमार मल्ल ठकुरीले कृषक समूहललाई हाते ट्याक्टर र मकैको बिउ विवरण गरेका हुन् ।

गाउँपालिकाले तय गरेको मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तरगत चार थान हाते ट्याक्टर र तीस किलो मकैको विउ विवरण गरेको गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले बताएका छन् । पालिकाले कैलाश ३ को अम्बाटार कृषक समूहलाई चार थान ट्याक्टर, ३० किलो मकैको वीउ र दुई थान विद्युतीय घट्ट मिल प्रदान गरेको समूहका अध्यक्ष विश्व विक्रम मल्लले बताएका छन् ।

चार लाख बजेटमा कृषि तथा पशु विकास शाखाले २ लाख बजेट विनियोजन गरेको र २ लाख रकम कृषकको परेको कृषि शाखाले जनाएको छ । चार वटै ट्याक्टर मिनिटिलर सात एचपी डिजल इन्जिन रहेको छ भने विद्युतीय घट्ट मिल रहेको कृषि तथा पशुविकास शाखाका प्राविधिक सन्दीप कुशहवाले बताएका छन् । हस्तान्तरण कार्यक्रममा वडा नम्बर १० का वडाध्यक्ष सुर्यबहादुर ब्लोन, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, कृषि तथा पशु विकास शाखाका प्राविधिक र कृषकहरूको उपस्थिती रहेको थियो ।

# गृहेणी महिलालाई अचार बनाउने तालिम




◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर १० को आयोजनामा संचालन गरिएको अचार बनाउने तालिम सकिएको छ । गृहेणी महिला सशक्तीकरण अन्तर्गत आयोजना भएको १० दिने तालिम सम्पन्न भएको हो ।

प्रशिक्षक बिमाला लामाद्वार तालिमामा बनाएको अचार वडा अध्यक्ष कमला वाईबालाई हस्तान्तरण गर्दै २ वैशाखमा तालिम सकिएको हो । तालिमका सहभागीहरूलाई विमला लामाले प्रशिक्षण दिनुभएको थियो ।

बकैया-१० की वडाध्यक्ष कमला कुमारी वाईबाको सभाध्यक्षता तथा बकैया गाउँपालिकाका सदस्य राजकुमार भोम्जनको प्रमुख आतिथ्यतामा भएको तालिम समापन कार्यक्रममा वडा सचीव नारायण खत्रीलगायतको आतिथ्यता रहेको थियो ।

**थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।**

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरुको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्युदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इन्द्रायणी चौर, मकवानपुर**




**समयमै व्यक्तिगत घटना दर्ता गरौं ।**

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

# कैलाश-बैकुण्ठ ... ...

पर्यटकीय संरचना थप गर्दै स्वदेशी तथा विदेशी पर्यटक भित्र्याएर कैलाशले आम्दानी लिनुपर्ने उनको भनाइ थियो ।

जीपलाइन सञ्चालन भएसँगै धादिङ जिल्लाको रोराङ बेनीघाट र गजुरी गाउँपालिका, मकवानपुरका थाहानगर, राक्सिराङ र मनहरी गाउँपालिकाका जीपलाइन पारखीको गन्तव्य स्थल रहने विश्वास लिइएको छ । धादिङ सँग सिमाना जोडिएकाले जीपलाइन स्थल पुग्न बेनीघाट, थाहानगर र मनहरी बजार तीनै क्षेत्रबाट करिब ३३ किलोमिटर सडक सञ्जाल रहेको छ ।

बैकुण्ठमा जीपलाइन सँगै विभिन्न पर्यटकीय पार्कहरू समेत निर्माण भइसकेका छन् । प्राकृतिक सौन्दर्यता, हावापानी र धार्मिक तथा पर्यटकीय महत्वका विभिन्न स्थल रहेको मकवानपुरको बैकुण्ठ नयाँ पर्यटकीय गन्तव्यको रूपमा उदाइरहेको छ । स्थानीय सरकारले बैकुण्ठलाई पर्यटकीय क्षेत्र बनाउनको लागि चासोका साथ लगानी गरेसँगै यहाँ आकर्षक पार्कहरू, गुम्बालगायतका संरचना निर्माण भइसकेका छन् । धादिङ, मकवानपुर र चितवनबाट घुम्न आउने पर्यटकहरूको संख्या पनि बढ्दो छ । बैकुण्ठबाट कैलाश गाउँपालिकाको अधिकांश वडाको अवलोकन गर्न सकिन्छ । ऐतिहासिक विष्णुकुण्ड, गुफा, तामाङ जातिको परम्परागत सांस्कृतिक सम्पदा रहेका कारण पर्यटकीय हिसाबले बैकुण्ठ निकै महत्वपूर्ण मानिएको गाउँपालिकाका २ नम्बर वडाध्यक्ष राजेन्द्र घिसिङले बताए । कैलाश बैकुण्ठको पर्यटकीय विकासका लागि गाउँपालिकाका साथै बागमती प्रदेश सरकारले समेत लगानी गरेको छ ।

बैकुण्ठमा केही वर्षअघि निर्माण गरिएको डाँफे मुनाल पार्कले सबैको ध्यान खिचिरहेको छ । चारैतिर हिमाल र पहाडको दृश्य देखिने अग्लो पहाडको टुप्पामा निर्माण गरिएको डाँफे र मुनालको आकर्षक प्रतिमाले सबैको मन लोभ्याउने गरेको छ । डाँफे मुनाल पार्ककै मुनिपट्टी आकर्षक विष्णुकुण्ड



छ । अग्लो डाँडाको समथल ठाउँमा सधैँ पानी जमिरहने पोखरीलाई विष्णुकुण्डको नाम दिइएको छ । विष्णुकुण्डलाई संरक्षण गर्दै कुण्डको बीचमा राखिएको वौद्ध धर्मका धर्मगुरू पद्मसम्भवको आकर्षक मूर्तिले पनि पर्यटकलाई उत्तिकै लोभ्याउने गरेको छ ।

डाँफे मुनाल पार्कसँगै बैकुण्ठ गाउँ सतिघाट संरक्षण स्थल पनि निर्माण गरिएको छ । करिब चार सय वर्षअघि बैकुण्ठमा मानव बस्ती बसाल्ने सुर्ज मोक्तानको कान्छी पत्नी केमालोमा मोक्तानले पतिको मृत्युपछि सति गई चिहान बनाइएको ठाउँलाई संरक्षण गरी सतिघाट निर्माण गरिएको वडाध्यक्ष घिसिङको भनाइ छ । डाँफे मुनाल पार्क नजिकैको डाँडामा आकर्षक डम्फूपार्क, चितुवापार्क र टुङ्ना पार्क निर्माण गरिएको छ । पर्यटनका लागि आवश्यक धेरै संरचनाहरू बनाइसकिएको र अब पर्यटकको आवासको लागि व्यवस्थित होमस्टे स्थापना गरिने योजना रहेको वडाध्यक्ष घिसिङले बताए ।

मकवानपुरको पर्यटकीय नगरी पालुङबाट करिब ३ घण्टाको कच्ची सडकको यात्रापछि कैलाशको बैकुण्ठ पुग्न सकिन्छ । त्यस्तै धादिङ जिल्लाको मलेखु र आदमघाटबाट पनि बैकुण्ठ पुग्ने सडक बनिसकेको छ । राक्सिराङ गाउँपालिकाको खैराङबाट पनि बैकुण्ठसम्म पुग्न सकिनेगरी सडक निर्माण भइसकेको छ । हिउँदयाममा मकवानपुरको मनहरीबाट करिब साढे २ घण्टामै बैकुण्ठडाँडा पुग्न सकिन्छ । धादिङको बेनिघाट रोराङ गाउँपालिकासँग सिमाना जोडिएको बैकुण्ठबाट धादिङ, गोरखा र र सुवाका हिमालहरूको आकर्षक दृश्य देख्न सकिन्छ ।

# हेटौंडामा वियर उद्योग खुल्दै

◆ विकास संवाददाता

आईएमई ग्रुपले उत्पादनमूलक उद्योगमा पनि लगानी बढाउन थालेको छ। बैंक तथा वित्तीय क्षेत्रबाट उदाएका व्यवसायी चन्द्र ढकालले उत्पादनमूलक उद्योगमा पनि लगानी विस्तारलाई निरन्तरता दिएका हुन् ।

महोत्तरीको गौशालामा कागज उद्योग सुरू गरेका ढकाल हेटौंडामा बियर उद्योग सञ्चालनको तयारीमा छन् । ग्लोबल आईएमई बैंक, आईएमई रेमिट, सातै प्रदेशमा केबलकार तथा होटल व्यवसायमै लक्षित ढकाल उत्पादनमूलक उद्योगमा अग्रसर भएका हुन्। पछिल्लो समय पर्यटनसँगै अटोमोबाइल, सूचना प्रविधि र ऊर्जा क्षेत्रमा संलग्न रहेको आईएमई ग्रुपले आफ्नो व्यवसायलाई नयाँ क्षेत्रमा विस्तार गर्दै छ ।

हेटौंडा औद्योगिक क्षेत्रमा सञ्चालनका लागि उनी साउथ एसियन ब्रुअरीको बहुमत सेयर खरिदको तयारीमा छन् । लाइसेन्स लिएर पनि उत्पादन सुरू नभएको उद्योगको ८० प्रतिशत सेयर लिने गरी प्रस्ताव उद्योग विभागमा पुगेको छ। ‌बियर उद्योगको सेयर खरिद गर्ने विषयमा कुनै निर्णय भइसकेको छैनु, आईएमई गुपका एक अधिकारीले भने, ‘उद्योग विभागमा एउटा प्रस्ताव गएको छ । त्यसमा कुनै प्रगति भएको छैन ।’

साउथ एसियन ब्रुअरीको लाइसेन्स ग्यास उद्योगी गोकुल भण्डारीले लिएका थिए। सरकारले बियर उद्योगका लागि नयाँ लाइसेन्स नदिएकाले आईएमई समूहले बहुमत सेयर खरिद गरी उत्पादन सुरू गर्ने तयारी गरेको छ । गत फागुनमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष एवं आईएमई ग्रुपको लगानी रहेको नेपालकै ठूलो कागज उद्योग सञ्चालनमा आइसकेको छ। नेपाल पल्प एन्ड पेपर इन्डस्ट्रिज प्रालिले सञ्चालनमा ल्याएको कागज कारखानामा आईएमई ग्रुपको २ अर्ब बढी लगानी छ । २०७८ मा शिलान्यास भएको यो उद्योगले निर्माण सकेर २०८१ पुसदेखि परीक्षण उत्पादन गर्दै आइरहेको थियो ।


## सामाजिक सुरक्षा कोषमा सहभागी बनौ !

*सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजना अन्तर्गत:*

- औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
- मातृत्व सुरक्षा योजना
- दुर्घटना सुरक्षा योजना,
- अशक्तता सुरक्षा योजना,
- आश्रित परिवार सुरक्षा योजना,
- बृद्धावस्था सुरक्षा योजना,
- बेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित होऔं।

*सामाजिक सुरक्षा कोषमा आबद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।*

नेपाल सरकार
विज्ञापन बोर्ड








● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी